# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## के १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM) छ? कसलाई चूप रहन भनिएको छ?

**हो छ, र यो जटिलता सुन्दर छ!** ग्रीक अक्षर ची (CHI) ‘x’ पछि नामकरण गरिएको भाषिक संरचनाले धारणाहरूको समानतता देखाउँछ –जस्तै (ABBA वा ABCBA वा ABCCBA)। पावलले कोरिन्थीको चर्चमा भएको अनियोलता र गोलमाललाई सम्बोधन गरेका छन्। १ कोरिन्थी १४:३४–४० मा भएको पावलको संवादलाई हेर्नुहोस्।

मुख्य शब्द

**chiasm**

A-B-C-C-B-A



हात –A
कुहिनो –B
काँध –C
काँध –C
कुहिनो – B
हात –A

| | | |
|---|---|---|
| १४:२६ | **मुख्य कुराहरूको परिचय दिन्छ – “यी सबै कुरा आत्मिक बृद्धिको निम्ति गरिऊन।”** | |
| १४:२८ | अन्य भाषा बोल्नेहरूलाई चूप रहन भनिएको छ। | *A* |
| १४:३० | अगमवक्ताहरूलाई चूप रहन भनिएको छ। | *B* |
| १४:३३ | **मुख्य कुराहरू फेरि दोहोऱ्याउँछ –** परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ | |
| १४:३४ | स्त्रीहरूलाई चूप रहन भनिएको छ। | *C* |
| १४:३६ | स्त्रीहरूलाई बोल्न मुक्त गरिएको छ। | C |
| १४:३७–३८ | **मुख्य कुराहरू फेरि दोहोऱ्याउँछ – परमेश्वरको आज्ञा, अजान नहुनु** | |
| १४:३९ | अगमवक्ताहरूलाई बोल्न मुक्त गरिएको छ। | B |
| १४:३९ | अन्य भाषा बोल्नेहरूलाई मुक्त गरिएको छ। | A |
| १४:४० | **मुख्य कुराहरूसहित अन्त गर्दछ – सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ।** | |

### पावलले चार मुख्य बिचारलाई 4X दोहोऱ्याउँछन्... सुव्यवस्थित आराधना।

- **पावलले तीनवटा समूहहरूलाई चूप रहन भनेका छन् –आत्मिक मानिसहरूलाई सुधार** गर्दै कोरिन्थीको चर्चमा धेरै समस्याहरू थिए, र पावलले प्रत्येक समूहलाई सुधारमा ल्याए। पहिले उहाँले आत्मिक भनौदाहरूलाई सम्बोधन गरे, जसले कुनै पनि समयमा बोल्न पाउनुपर्छ भन्ने स्वतन्त्रतालाई प्रवर्द्धन गरे। यो स्वतन्त्रताले ठूलो अनियोलता र गोलमाल निम्त्यायो। पावलले सही समयको छनौट गर्ने, अन्यभाषालाई सिमित गर्ने, भविष्यवाणी गर्ने र निश्चित स्त्रीहरूलाई बोल्ने नियमहरू दिए। पावलले ती सबैका लागि एउटै शब्द प्रयोग गरे – सिगाटो *(sigato)*। तिनीहरूले अबरोध पुऱ्याएको हुनाले पावलले तीनै समूहलाई “चूप रहन” भने।
- **पावलले तीन समूहलाई मुक्त गरेका छन् – ख्रीष्टियन सन्तहरूलाई सुधार गर्दै**
  अर्को तर्फ, सन्तहरूले कुनै पनि स्वतन्त्रतालाई सीमित गर्न चाहन्थे। तिनीहरूले अन्यभाषा बोल्न, अगमवाणी बोल्न निषेध गर्न चाहन्थे, तिनीहरू सोच्थे कि महिलाहरूलाई बोल्नु शर्मको कुरा हो! त्यसैले पावलले सन्तहरूमा कडा सुधार ल्याए। उनले सन्तहरूलाई यसो भन्दै स्त्रीहरूलाई पद ३६ मा मुक्त गरे, “के परमेश्वरको वचन तिमीहरूबाट सुरू भएको हो? अथवा के तिमीहरूकहाँ मात्र यो आएको हो?” त्यसपछि उनले अगमवक्ताहरू र अन्यभाषा बोल्नेहरूलाई पद ३९ मा व्यतिक्रम पूरा गर्न मुक्त गरे।

**संवादले समग्र उद्देश्यलाई प्रभावकारी रूपमा प्रदर्शन गर्छ।**

पवलले कोरिन्थीको चर्चमा गोलमाल देखे र एक व्यवस्थित प्रणाली बारे सिकाए। अन्यभाषा बोल्नेहरू (पुरूष र स्त्री दुवै)को सीमा थियो, अगमवक्ताहरू (पुरूष र स्त्री दुवै)को सीमा थियो, र जिज्ञासु, विघटनकारी स्त्रीहरूको सीमा थियो। यो सैद्धान्तिक संरचनाभित्र सबैलाई सँगै राख्ने परमेश्वरको अभिप्राय थियो –एक बलियो, शान्त, जानकार र व्यवस्थित चर्चको रूपमा।

### निष्कर्ष

कोरिन्थीको चर्चमा एकता र शान्ति प्रदर्शन गर्न सहायता गर्न पावलले यो व्यतिकम्रको संवाद प्रस्तुत गरे। पावलले दुई मुख्य समूहहरूद्वारा उत्पन्न अराजकतालाई सच्याउनुभयो – आत्मिकरूपमा लिप्त मानिस र नियम पालक सन्तहरू। पावलले पहिले अन्यभाषा बोल्ने, अगमवाणी गर्ने र जिज्ञासु स्त्रीहरूलाई सिमित गरेर भावुक आत्मिक मानिसहरूलाई सुधार गरे। त्यसपछि उनले एउटै तीन समूहलाई मुक्त गरेर नियम पालक सन्तहरूलाई सुधार गरे।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com